कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कुमारी बैंक लिमिटेड
...................... शाखा कार्यालय

**विषय : ट्रष्ट रिसिप्ट (Trust Receipt) कर्जा उपलब्ध गराई दिने बारे ।**

उपरोक्त सम्बन्धमा म/हामीले त्यस बैंक मार्फत् मिति ..................... मा खोलेको प्रतितपत्र नं. .................................अन्तर्गत खिचिएको विनिमय पत्र म/हामीले स्वीकार गरि सकेको हुँदा म/हामीलाई हाम्रो नाममा त्यस बैंकबाट स्वीकृत ट्रष्ट रिसिष्ट कर्जा सुविधा रकम मध्येबाट हाललाई प्रतितपत्र मार्फत् आयात गरिएको सामानहरु छुटाउनको लागि सामान मूल्यको ..... प्रतिशत रु.................................(अक्षरेपी.........................................................................) ट्रष्ट रिसिप्ट कर्जा उपलब्ध गराई मिति ............................................. मा जारी गरिएको Bill of Lading/Airway Bill/Truck Receipt/Railway Receipt मेरो/हाम्रो/क्लियरिङ्ग एजेन्ट श्री ......................................... को नाममा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

उक्त Bill of Lading/Airway Bill/Truck Receipt/Railway Receipt मार्फत छुटाई आउने सामानहरु त्यस बैंकको नाममा धितो सुरक्षण रहने गरी हाइपोथिकेसन समेत गरिदिएको छु/छौं । उक्त सामानहरुलाई प्रचलित सुरक्षित कारोबार ऐन अन्तर्गत तोकिएको सुरक्षित दर्ता कार्यालयमा त्यस बैंकको नाममा प्रथमाधिकार हुने गरी म/हामी आफ्नै खर्चमा हकदर्ता गरिदिन म/हामी मञ्जुर गर्दछु/छौं । उक्त सामान मेरो/हाम्रो गोदाममा रहने भएकोले सामान रहने गोदामको जमानी तथा सुरक्षाको प्रवन्धको जिम्मेवारी म/हामी हुनेछौं । प्रतितपत्र मार्फत् त्यस बैंकबाट आयात गरिएको सामानहरु प्राप्त हुनासाथ म/हामीले त्यस बैंकलाई तुरुन्त जानकारी दिनेछु/छौं । यसका साथै म/हामीले त्यसरी प्राप्त हुन आएका सामानहरु बिक्री हुनासाथ सर्वप्रथम त्यस बैंकबाट लिएको कर्जाको लेना रकम चुक्ताभुक्तान गर्नेछु/छौं र त्यस बैंकले चाहेको अवस्थामा त्यस बैंकबाट खटाईएको व्यक्ति वा पत्रमार्फत् उल्लेख गरे अनुसारको कर्मचारीलाई म/हामीलाई पूर्व जानकारी बिना मेरो/हाम्रो गोदाममा प्रवेश गरी सामान जाँच गर्न, सामानहरु बिक्री गर्न वा अन्य व्यवस्था गरी त्यस बैंकको कर्जा चुक्ताभुक्तान/हिसाबमिलान गर्न सक्ने अनुमति समेत यसै निवेदनको आधार तथा प्रमाणमा दिन मञ्जुर गर्दछु/छौं ।

त्यस बैंकले माग गरे अनुसार सामानको सम्पूर्ण जोखिम व्यहोर्ने गरी व्यापक बीमा म/हामी आफैले आफ्नै खर्चमा गर्नेछु/छौं ।

यस ट्रष्ट रिसिप्ट अनुसार प्राप्त भएको सामान र उक्त सामान बिक्री तथा पटकपटक प्राप्त भएको रकमको लागि त्यस बैंकमा मेरो/हाम्रो खातामा जम्मा गरिने कुरा अवगत गराउँदछु/छौं । यस कर्जा मार्फत् छुटाइएको सामानबाट प्राप्त हुने रकम अन्य प्रयोजनको लागी प्रयोग गर्ने छैन/छैनौं । बैंकले समय समयमा दिएको वा निर्देशन गरेका कुनैपनि कुराको अवज्ञा गर्ने छैन/छैनौं । यदि अवज्ञा गरेमा, बैंकले त्यस बैंकको सुरक्षणमा रहेको तथा नरहेको हाम्रो जिम्मेवारी तथा सुरक्षामा रहेको सामान बिक्री गरेमा वा आफ्नो जिम्मामा लिएमा मैले/हामीले कुनै किसिमको उजुर बाजुर गर्ने छैन/छैनौं । बैंकले सो कर्जा रकम मलाई/हामीलाई प्रतितपत्र मार्फत आयात गरिएको सामान बिक्री गरी कर्जा चुक्ता गर्ने प्रयोजनको लागि दिएको कुरा मञ्जुरी गर्दछु/गर्दछौं। बैंकले रकम माग गरेको अवस्थामा सामान बिक्री गर्दा पनि साँवा र अन्य शुल्कहरु नपुग हुन गएमा मेरो/हाम्रो हक लाग्ने मेरो /हाम्रो घरघरानाबाट असुल उपर गरे समेत मेरो/हाम्रो मञ्जुरी छ ।

बैंकले निर्देशन गरेको समय तालिका बमोजिम मैले/हामीले लिएको रकमको साँवा, ब्याज बुझाउने छु/छौं । बैंकले भने अनुसार त्यस बैंकबाट म/हामीले प्राप्त गरेको कर्जा रकम पूर्ण रुपमा चुक्ताभुक्तानी गर्ने कुराको प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं ।

**उल्लेखित सामानको विवरण**

प्रतितपत्र नं. (DC No.): ...................................................................
ढुवानी भएको सामानको मूल्य : ............................................................
ढुवानीकर्ताको नाम : ...........................................................................
सामानको संक्षिप्त विवरण : ...................................................................
चिन्ह नं. : ...........................................................................................
परिमाण : ...........................................................................................
बिजक नं. : ..........................................................................................

हस्ताक्षर : .............................
निवेदक (फर्म/कम्पनीको) नाम : ........................................ फर्म/कम्पनीको छाप
आधिकारिक व्यक्तिको नाम : .................................. पद .....................
मिति : .......................